# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मिति: २०७३।०६।०६ गते

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको ।**

---------------------------------------------------------

जिल्ला हुम्ला मैला र कालिका गाउँ विकास समितिमा कार्यरत तत्कालिन गा.वि.स.सचिव कालि बहादुर हमालले मैला गाउँ विकास समितिमा विनियोजित रकम सम्बन्धित सेवाग्राहिलाई भुक्तानी नगरी आफुले लिई अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज गा.वि.स.सचिव कालि बहादुर हमालले आ.व.२०७०/०७१ मा मैला र कालिका गा.वि.स.मा कार्यरत रहँदा सरकारी अनुदानको रुपमा प्राप्त सामाजिक सुरक्षा भत्ताको लागी विनियोजित रकम मध्ये कालिका गा.वि.स.को रु.१२,२०,२००।– (बाह्र लाख बीस हजार दुई सय) र मैला गा.वि.स.को रु२२,७६,४००।– (बाईस लाख छयहत्तर हजार चार सय) गरी जम्मा रु.३४,९६,६००।– (चौतिस लाख छयानब्बे हजार छ सय) वदनियत गरी हिनामिना, हानि नोक्सानी र दुरुपयोग गरी गराई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ द्वारा परिभाषित कसुर गरेको पुष्टि हुन आएकोले निज तत्कालीन गा.वि.स सचिव कालि बहादुर हमाल उपर बिगो रू.३४,९६,६००।– (चौतिस लाख छयानब्बे हजार छ सय) कायम गरी सोहि ऐनको दफा ३(१) र ३(१)(छ) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी